पाठ
१

# मण्डलीहरूले परमेश्वरलाई आराधना गर्छन्

मण्डलीले गर्ने सबै काम तीनवटा दिशाहरूमध्ये कम-से-कम एउटामा लक्षित गरिएको हुन्छः *माथितिर* आराधनामा परमेश्वरतर्फ, *भित्रतिर* वृद्धिमा आफैतर्फ; वा *बाहिरतिर* सुसमाचार बाँड्नमा संसारतर्फ।

मण्डली (चर्च) भवनलाई "आराधनाको घर" पनि भनिन्छ। यो भनाइ उचित नै छ, किनकि यसको मुख्य काम एकैसाथ प्रभुलाई आराधना गर्न मानिसहरूका लागि स्थान उपलब्ध गराउनु हो।

आराधना गर्नको निम्ति नै मानिसलाई बनाइएको थियो। यदि उसले परमेश्वरलाई आराधना गर्दैन भने उसले अरू नै थोकलाई आराधना गर्छः रुपियाँपैसा, मान- इज्जत, सुख-विलास, प्रकृति, मूर्तिहरू वा ऊ आफैलाई! तर उसले परमेश्वरलाई आराधना गर्न नसिकुञ्जेलसम्म ऊ कहिल्यै तृप्त हुनेछैन।

स्वर्गमा हुनुहुने हाम्रा पिताले हाम्रो आराधना चाहनुहुन्छ भनी येशूले सिकाउनुभयो। स्वर्गका सबै दूतगणहरूले उहाँलाई निरन्तररूपमा प्रशंसा गरिरहेका भए तापनि उहाँ *हाम्रो* आराधना चाहनुहुन्छ, किनकि यसले हामीलाई उहाँसँगको सङ्गतिमा ल्याउँछ।



**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

एकैसाथ आराधना गर्नु
सङ्गीतसाथ आराधना गर्नु
प्रार्थनाद्वारा आराधना गर्नु
दिएर आराधना गर्नु
पवित्र आत्माद्वारा आराधना गर्नु

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- साँचो आराधनाको आधारलाई वर्णन गर्न।
- आराधनाका विभिन्न रूपहरूलाई चिन्न र तिनीहरूमा सहभागी हुन।
- आराधनामा पवित्र आत्माको सेवालाई अझै राम्रोसँग बुझ्न।

## एकैसाथ आराधना गर्नु

उद्देश्य १ *आराधनाको निम्ति किन मानिसहरू एकैसाथ भेला हुनुपर्छ, त्यसका कारणहरू थाहा पाउनुहोस्।*

यो आइतबार बिहानी हो। नयाँ विश्वासी मरियम आफ्ना सङ्गी तिमोथीसँग पहिलो पल्ट उनको मण्डली (चर्च)-मा आराधना सेवामा आएकी थिइन्। तिमोथी पनि नयाँ विश्वासी नै थिए, तर उनीचाहिँ ख्रीष्टियान पृष्ठभूमिबाट नै आएका थिए। मरियमले सोधेकी प्रश्नहरूले उनमा पनि ठूलो चासो बढ्यो।

"तर परमेश्वर कहाँ हुनुहुन्छ?" भन्दै मरियमले चारैतिर हेरिन्। "कुनै पनि मूर्तिविना म कसरी आराधना गर्न सक्छु?"

"परमेश्वरलाई आराधना गर्नका लागि कुनै पनि मूर्तिको आवश्यकता पर्दैन मरियम," भनी तिमोथीले जवाफ दिए। "तिमी मूर्तिहरूका अगाड़ि घुँड़ा टेक्ने गर्दथ्यौ, तर त्यहाँ वास्तविक प्रेमचाहिँ हुँदैनथ्यो। परमेश्वर आत्मा हुनुहुन्छ। हामी हाम्रा यी स्वाभाविक आँखाहरूद्वारा उहाँलाई देख्न सक्दैनौं। तर जब हामी नयाँ गरी जन्मन्छौं र हामीमा उहाँका आत्मा पाउँछौं, तब हामी उहाँलाई आत्मा र सत्यतामा आराधना गर्न सक्छौं (यूहन्ना ४:२४)। उहाँले हामीहरूबाट त्यही नै कुरा चाहनुहुन्छ। हामीले गाउँदा र हामीले गर्ने अन्य सबै कुराहरूमा हामी हाम्रा हृदयबाट नै उहाँलाई प्रेम गरौं र उहाँलाई प्रशंसा गरौं।"

परमेश्वरको महानता र उहाँको प्रेमको बारेमा मानिसहरूले आनन्दमय भजनहरू गाइरहेका थिए। तिनीहरूले भजनहरू गाउँदा-गाउँदै कहिलेकहीँ आफ्ना हातका तालीहरू पनि बजाउँथे। मरियमले पहिले यसो कहिल्यै गरेकी थिइनन्, तर तिनले आफूलाई मुस्कुराइरहेकी र ताली बजाइरहेकी भेट्टाइन्! तब

एक-अर्कालाई अभिवादन गर्नुहोस् भनी भजनको अगुवाइ गर्नेले मानिसहरूलाई भन्छन्। धेरै जनाहरूले हात मिलाइ मरियमलाई स्वागत गर्छन्। अब तिनले नौलोपनाको अनुभव गर्न छोडिन्। तिनले आफूलाई प्रभुको नजीक भएको र एक-अर्काको नजीक भएको अनुभव गरिन्।

"यो एक ठूलो आनन्दित परिवारजस्तै हो" भनी तिनले बिस्तारै तिमोथीको कानमा भनिन्।

यो कुरा सत्य छ कि विश्वासीले कुनै पनि समयमा र कुनै पनि ठाउँमा परमेश्वरलाई आराधना गर्न सक्छ र गर्नुपर्छ। यद्यपि, एकैसाथ प्रार्थना गर्न मानिसको निम्ति आवश्यक छ।

एक्लै-एक्लै खड़ा हुनका लागि मानिसहरूलाई बनाइएको होइन। तिनीहरू एउटालाई अर्काको खाँचो पर्छ। आगोका फिलिङ्गा-हरू एकैसाथ रहिरहे भने तिनीहरू बलिरहन्छन्, तर एउटा फिलिङ्गालाई अरूहरूबाट अलग गरिदियो भने, त्यो छिट्टै नै निभिहाल्छ। एकसाथ भेटघाट गर्ने, बाँड़चूँड़ गर्ने र एक-अर्कालाई सहायता गर्ने विश्वासीहरू एकैसाथ बलियो बन्छन्! "परमेश्वरको निम्ति जोशिलो हुन" तिनीहरूले एक-अर्कालाई सहायता पुऱ्याइरहन्छन्।

> कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोड़ौं। तर प्रभुको दिन नजीक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ (हिब्रू १०:२५)।

हामी एकैसाथ भेला हुनुपर्छ भनी प्रभुले आज्ञा गर्नुभएको छ र यसमा उहाँको आज्ञा पालन गर्नेलाई आशिष् दिने प्रतिज्ञा पनि उहाँले गर्नुभएको छ। "किनकि जहाँ दुइ कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु" (मत्ती १८:२०)।

विश्‍वासीहरूलाई "ख्रीष्टको शरीर" भनिएको छ र येशूचाहिँ यसको शिर हुनुहुन्छ। आफ्नो शरीर एकतामा भएको र सबै भागहरूले मिलापमा एकसाथ काम गरेको प्रभुले चाहनुहुन्छ। यसलाई पूरा गर्ने तरीकाचाहिँ निर्दिष्ट ठाउँमा र समयमा आराधनाको लागि भेला हुनु हो र यसरी पवित्र आत्माले हामीलाई एउटै बनाउनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** वाक्यलाई पूरा गर्ने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। विश्‍वासीको हैसियतले हामी एक साथ आराधनामा आउँछौं, किनकि

**क.** हामी एकलै आराधना गर्न सक्दैनौं।
**ख.** आत्मिक रूपमा वृद्धि हुन यसले हामीलाई सहायता गर्छ।
**ग.** हामी परमेश्‍वरका आज्ञाहरू पालन गर्न चाहन्छौं।
**घ.** हामीसँग हुनका लागि येशूले प्रतिज्ञा गर्नुभएको छ।

यस पाठको अन्तमा दिइएका उत्तरहरूसँग आफ्ना उत्तरहरूको जाँच गर्नुहोस्।

## सङ्गीतसाथ आराधना गर्नु

उद्देश्य २ *आराधनामा सङ्गीतको प्रयोगको निम्ति बाइबलीय सिद्धान्तहरूलाई उल्लेख गर्ने बयानहरूलाई छान्नुहोस्।*

सामूहिक रूपमा भजन गाउनु शरीरको निम्ति असल हो, किनकि यसले तनावलाई हटाइदिन्छ। यसले चङ्गाइ पनि ल्याउन

सक्छ। यसले विश्वासको निर्माण गर्छ। अनि यसभन्दा पनि अझ धेरै ख्रीष्टको शरीरमा साँचो आराधनाको निम्ति आवश्यक *एकता* ल्याउनका लागि पनि यसले सहायता गर्छ।

एक जना वा धेरै जना वा सङ्गीत झुण्डद्वारा गाइएका विशेष भजनहरू पनि आराधना गर्ने अर्को तरीका हो। गायकहरूलाई भन्दा परमेश्वरलाई नै महिमा दिइनुपर्छ भन्ने कुरा श्रोताहरूले कहिल्यै बिर्सनुहुँदैन। गाउँनका लागि परमेश्वरले हामीलाई स्वरहरू मात्र दिनुहुन्न, तर गाउँनका लागि विषय पनि उहाँले हामीलाई दिनुहुन्छ!

पुरानो करार समयहरूमा इस्राएलका मानिसहरूले भजनहरू गाउँथे। भजनसंग्रहको पुस्तक नै तिनीहरूको भजन (गीत)-को पुस्तक थियो। गाउँनुलाई तिनीहरूले आराधनाको धेरै महत्त्वपूर्ण तरीकाको रूपमा विचार गर्थे।

शुरूका ख्रीष्टियानहरूले बाइबलका पदहरूलाई पनि गाउँथे। तब बिस्तारै भजनहरू र अन्य गीतहरू थपिंदैगए। प्रेरित पावलले मण्डलीलाई यसो भनी अर्ती दिएका थिए: "एउटाले अर्कासँग भजन, गीत र आत्मिक गानमा बोल्दै र आफ्नो सम्पूर्ण हृदयले गाउँदै र धुन निकाल्दै धन्यवाद चढ़ाओ" (एफिसी ५:१६)।

हाम्रा गीतहरूले परमेश्वरलाई धन्यवादी प्रशंसा प्रकट गर्छन् र साक्षीहरूलाई सङ्गीतमा हालिदिन्छन्। शब्दहरूले परमेश्वरको महिमा गरेकै हुनुपर्छ। अनि ती शब्दहरू गाउने व्यक्तिहरूले पनि परमेश्वरको महिमा गरेकै हुनुपर्छ। परमेश्वरको वचनले भनेको छ, "धन्यवादको बलि चढ़ाउनेले नै मेरो महिमा गर्दछ" (भजनसंग्रह ५०:२३)।

येशू आउनुभन्दा पहिले मानिसहरूले पशुहरूको बलिदान गर्थे; तर ख्रीष्ट हाम्रा निम्ति मर्नुभएको हुनाले अब यस्ता

किसिमका बलिदानहरूको आवश्यकता छैन। यसको सट्टामा अब हामी प्रभुलाई प्रार्थना र प्रशंसाका बलिदानहरू चढाउँछौं। हिब्रू १३:१५-लाई हेर्नुहोस्।




मरियम र तिमोथी सहभागी भएका मण्डलीमा बाजागाजासाथ सामूहिक भजनहरू गाँइन्थ्यो। बाजागाजा बजाउनेहरूका टोलीले विभिन्न किसिमका बाजागाजाहरू बजाइरहेका थिए। सङ्गीतले मरियमलाई अति नै प्रसन्न तुल्यायो र तिनले यसो भनिन्, "मण्डलीमा यस्तो किसिमको बाजागाजाको टोली हुन्छ भन्ने कुरा मैले थाहै पाएकी थिइन!"

"तिनीहरूले आफ्ना-आफ्ना खूबीका साथ बजाउने र प्रभुलाई आराधना गर्ने काम गरेका छन्" भनी तिमोथीले जवाफ दिए। "पुरानो करारका मानिसहरूले विभिन्न बाजागाजाका साथ परमप्रभुको प्रशंसा गर्थे। बाइबलको भजनपुस्तकबाट लिइएका यी शब्दहरूलाई पढ्नुहोस्ः

तुरही बजाएर उहाँको प्रशंसा गर।
वीणा र सारङ्गी बजाएर उहाँको प्रशंसा गर।
खैंजड़ी र नाचका साथ उहाँको प्रशंसा गर।
तार-वाद्य र बाँसुरी बजाएर उहाँको प्रशंसा गर।

झ्याली झङ्कारका साथ उहाँको प्रशंसा गर . . .
परमप्रभुको प्रशंसा गर (भजनसंग्रह १५०:३-६)

"सङ्गीतलाई विश्वव्यापी भाषा भनिएको छ। यो मानिसहरूलाई आराधनामा एकैसाथ ल्याउने एक तरीका हो।"

**तपाईंको अभ्यासको निम्ति**

यी अभ्यासहरूमा ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**२** हाम्रो गान कहिले हाम्रो आराधना बन्छ? जब हामी

**क.** हाम्रा स्मरणबाट कोरसहरू गाउँन सक्छौं।
**ख.** हाम्रा हृदयहरूबाट परमेश्वरलाई प्रशंसाहरू गाउँन सक्छौं।
**ग.** आराधना गर्नेहरूसँग गाउँन सक्छौं।

**३** आराधनाका गीतहरू के कुराका बारेका गीतहरू हुन्?

**क.** परमेश्वरको निम्ति हामीले के गर्ने।
**ख.** हाम्रो वरिपरि भएको प्रकृति र संसार।
**ग.** प्रभुको महान्ता र भलाइ।

**४** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** एकलेसिया (मण्डली)-मा साङ्गीतिक बाजागाजा प्रयोग गरी किन्छन्, किनकि सेवाको निम्ति तिनीहरूले आनन्दित पृष्ठभूमिको सृजना गर्छन्।
**ख.** शान्तमय र सुस्त सङ्गीतका साथ मात्र परमेश्वरलाई

### तपाईंको अभ्यासको निम्ति

**५** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. प्रार्थनामा हुने परमेश्वरसँगको सङ्गति आनन्दित अनुभव हो, किनकि हामी उहाँलाई प्रेम गर्छौं।

**ख**. प्रार्थना गरिसकेपछि हामी आमिन भन्छौं, किनकि यसको अर्थ हुन्छ कि हामीले कुराकानी सकेका छौं।

**ग**. हाम्रा वरिपरि भएका कुराहरूलाई बिर्सिदिनका लागि हामी प्रायःजसो प्रार्थनामा हाम्रा आँखाहरूलाई बन्द गर्छौं।

**घ**. विश्वासीहरू भेला हुने ठाउँलाई येशूले "प्रार्थनाको घर" भन्नुभयो।

## दिएर आराधना गर्नु

उद्देश्य ४ *दिने काम कसरी आराधनाको एक भाग बन्न सक्छ व्याख्या गर्नुहोस्।*

"अब हामी हाम्रा उपहारहरूद्वारा प्रभुलाई आराधना गर्नेछौं: उहाँका दशांश र हाम्रा भेटीहरू" भनी पास्टरले सूचना दिँदा मरियम दङ्ग पर्छिन्। "रुपियाँपैसाले हामी कसरी परमेश्वरलाई आराधना गर्न सक्छौं?" भनी तिनले प्रश्न गरिन्।

"हामीले परमेश्वरलाई प्रेम गरेको र उहाँप्रति धन्यवादी भएको हुनाले नै हामी दिन्छौं, र यो पनि आराधना गर्ने एउटा तरीका हो। अनि यसको बारेमा म पछि व्याख्या गर्नेछु" भनी तिमोथीले जवाफ दिन्छन्।

भेटी उठाउनेहरूले भेटीको झोला सार्दैगर्दा सङ्गीतकारहरूले प्रभुको आराधनामा भजन गाइरहेका थिए। मानिसहरूले बिस्तारै प्रभुको प्रशंसा गरिरहेका थिए। प्रभुलाई दिइने कुरा आनन्दित अनुभव र आराधना गर्ने तरीका हुनसक्छ भनी मरियमले थाहा पाइन्।

कुनै-कुनै मण्डलीहरूमा आ-आफ्ना भेटीहरू लिएर मानिसहरू मण्डलीको अगाड़ि गई चढ़ाउँछन् भन्ने कुरा पनि मरियमले सिकिन्। तर हामीले जुनसुकै तरीका अपनाए तापनि हामीले कमाएको दशौं भागचाहिँ परमेश्वरको हो (लेवी २७:३०,३२)। यसलाई हाम्रो दशांश भनिन्छ। त्यसभन्दा बढ़ी हामी जे दिन्छौं त्यो हाम्रो भेटी हो। यो पनि आराधनाको कार्य नै हुनुपर्छ। हितोपदेश ३:९-१० र १ कोरिन्थी १६:२ पढ्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

६ दिने काम कसरी आराधनाको कार्य हुन सक्छ, तपाईंका आफ्नै शब्दहरूमा बताउनुहोस्।

.......................................................................

.......................................................................

७ मण्डली सेवामा भेटी उठाउने तरीकाहरू बेग्लाबेग्लै हुन सक्छन्। ती के-के हुन् भनी के तपाईं बताउन सक्नुहुन्छ?

.......................................................................

.......................................................................

## पवित्र आत्माद्वारा आराधना गर्नु

उद्देश्य ५ *पवित्र आत्माद्वारा हुने आराधनाका तीन असरहरूका नाम उल्लेख गर्नुहोस्।*

मण्डली समुदायले बिस्तारै र आराधनापूर्वक गाइरहेको छ र धेरै जनाले आ-आफ्ना हातहरू पनि उठाएका छन्। कसै-कसैका आँखाहरूबाट आँसु बगी अनुहारसम्मै पुगेको मरियम देख्छिन्। तिमोथीले बताइदिन्छन् कि तिनीहरू बेखुशी भएका होइनन् तर प्रभुको निम्ति भएको प्रेमद्वारा तिनीहरू उत्प्रेरित भएका हुन्। तब मरियमले यस्ता शब्दहरूमा गाएको सुन्छिन् जुन शब्दहरू तिनी आफू बुझ्दिनन्। भिन्नाभिन्नै आवाजहरू एकैसाथ र मिलापमा गुञ्जिएको देखिन्छ।

"'म आत्माले स्तुति गर्नेछु' भनी पावलले भन्दा यहीं नै अर्थ दिएका थिए" भनी तिमोथीले साउती गरे (१ कोरिन्थी १५:१४)। यसले मरियमको हृदयमा शान्ति र विश्रामको अनौठो भावना ल्यायो। परमेश्वर यही नै हुनुभएको जस्तो अनुभव भयो!

अब त्यहाँ सुनसान भएपछि वचन बोल्नका लागि पास्टर उठे। मण्डलीका विश्वासीहरूद्वारा गरिएको आराधना र प्रशंसाले परमेश्वरको वचन प्राप्त गर्नका लागि तिनीहरूलाई तयारी गरेको थियो।

पाँचौं शताब्दीका एक मुख्य मण्डली अगुवा अगस्टिनले एक पल्ट यसो भनेका थिए, "हे परमेश्वर, तपाईंले हामीलाई बनाउनुभएको छ र हाम्रा हृदयहरूले तपाईंमा विश्राम नपाउञ्जेलसम्म तिनीहरूले चैन पाउनेछैनन्।" पवित्र आत्माद्वाराको आराधनाको एउटा असरचाहिँ यही हो कि मानिसहरूले परमेश्वरको उपस्थितिको

अनुभव गर्छन् र उहाँमा *आत्मिक विश्राम* र *तृप्ति* प्राप्त गर्छन्। काम, खेल, वेदना र आनन्दको दैनिक संसारमा ती विश्वासीहरू जाँदा तिनीहरूले आफूसँग विश्राम र तृप्ति लिएर जान सक्नेछन्।

पवित्र आत्मामा भएको आराधनाको अर्को प्रभाव साँचो *स्वतन्त्रता* वा *छुटकारा* हो। जब हामी पवित्र आत्मामा समर्पित हुन्छौं, उहाँले डर, चिन्ता, रीस, स्वार्थपना, घृणा र सबै किसिमका भावनात्मक वेदनाहरूबाट छुटकारा गर्नुहुन्छ। मानिसहरूले येशूलाई आत्मामा आराधना गर्दा उहाँ अझै बहुमूल्य र वास्तविक बन्नुहुन्छ। *एकताको ठूलो भावना* प्राप्त गर्नका निम्ति पनि यसले सहायता गर्छ; किनकि जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ'' (२ कोरिन्थी ३:१७)।

पवित्र आत्मामा भएको आराधनाको तेस्रो अचम्मको प्रभावचाहिँ हाम्रा शरीरहरूका निम्ति भएको *चङ्गाइ* हो। यो बिस्तारै निको हुने वा नाटकीय ढङ्गमा निको हुने हुन सक्छ। प्रचारिका हत्ती हाम्मोन्डले सञ्चालन गरेकी सभाहरूमध्ये एउटा सभामा अस्वाभाविक बाधाको बारेमा बताउँछिन्। घिटघिट अवस्थामा भएकी एक जना स्त्रीलाई डोकोमा बोकेर ल्याइएको थियो। तिनको अनुहारमा नै विषालु भाँड़ो पड्केर तिनी जलेकी र अन्धी भएकी थिइन् र तिनका मित्रहरूले तिनलाई प्रार्थनाको निम्ति हत्तपत्त मण्डलीमा ल्याइपुऱ्याएका थिए। सुश्री हाम्मोन्डले तिनको निम्ति प्रार्थना गर्नै लागेकी थिइन्, तर तिनले रोकिन्।

मण्डलीका विश्वासीहरूपट्टि फर्केर तिनले भनिन्, ''हामी प्रत्येकले प्रभुलाई आराधना गर्नुपर्छ भनी उहाँले मलाई भन्दै हुनुहुन्छ! आउनुहोस्, सबै जना! उहाँलाई आराधना गरौं! येशूलाई आराधना गरौं!''

मर्नै लागेकी स्त्रीको निम्ति प्रार्थना गर्नुको सट्टा मानिसहरूलाई आराधना गर्नुहोस् भनी तिनले के गरिरहेकी थिइन्? तर जब

मानिसहरूले प्रभुको प्रशंसा गर्न थाले, तिनीहरू सबैमाथि आराधनाको छालले छोप्यो। यो पवित्र आत्माको चहलपहल थियो! तब एक्कासि प्रशंसाका आवाजहरूलाई उछिनेर अर्को स्वरको आवाज आयो– आत्मामा गाइएको सुन्दर गीतको लय। ओछ्यानमा सुताइएकी स्त्रीबाट पो यो प्रशंसाको आवाज आएको रहेछ भनी सुश्री हाम्मोन्ड छक्क परिन्! मानिसहरूले आत्मामा आराधना गर्दा परमेश्वरले तिनलाई पूर्ण रूपमा निको पार्नुभएको थियो।

यस्तो किसिमको नाटकीय चङ्गाइलाई तपाईंले कहिल्यै देख्नुभएको छैन होला, तर आत्मामा गरिएको साँचो आराधनामा चङ्गाइको गुण उपलब्ध छ। पवित्र आत्माद्वाराको आराधनालाई प्रेरित पावलले यसो भनी सारांशित गरेका छन् कि हामी "पवित्र आत्माद्वारा परमेश्वरलाई पूज्छौं र ख्रीष्ट येशूसँगको एकतामा हाम्रो जीवनमा आनन्द मनाउँछौं (फिलिप्पी ३:३)।

**मण्डलीहरूले परमेश्वरको आराधना गर्छन्**



जब तिनीहरूले यो शिक्षाको पालन गरे, मण्डलीहरू साँच्चै नै आराधनाका घरहरू बने। मण्डली भवन नै सबैभन्दा महत्त्वपूर्ण कुरा होइन। तपाईंको मण्डली घर अति नै सुन्दर भवन वा साधारण कोठा हुन सक्छ, यसको अस्तित्वको मुख्य उद्देश्यचाहिँ परमेश्वर पिता, परमेश्वर पुत्र (येशू) र परमेश्वर पवित्र आत्माको आराधना गर्नु हो।

**तपाईंको अभ्यासको निम्ति**

**८** वाक्यलाई पूरा गर्ने बयानहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। आराधनाको निम्ति ख्रीष्टियानहरू भेला हुने ठाउँ सधैंभरि नै

**क.** आराधनाको निम्ति सुन्दर हुनुपर्छ।
**ख.** साधारण र सफा हुनुपर्छ।
**ग.** शहरको राम्रो भागमा हुनुपर्छ।
**घ.** आराधना गर्नका लागि मानिसहरू स्वतन्त्र हुन सक्ने खालको हुनुपर्छ।

**९** आत्मामा गरिएका आराधनाका तीन असरहरूको सूची बनाउनुहोस्।

.......................................................................................

.......................................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ ख) आत्मिक रूपमा वृद्धि हुन यसले हामीलाई सहायता गर्छ।
  ग) हामी परमेश्वरका आज्ञाहरूलाई पालन गर्न चाहन्छौं।
  घ) हामीसँग हुनका लागि येशूले प्रतिज्ञा गर्नुभएको छ।

६ तपाईंको उत्तर। तपाईंले यसो भन्नुभयो होलाः दिएर हामी परमेश्वरको निम्ति भएको हाम्रो प्रेम र अरूहरूका निम्ति भएको हाम्रो प्रेम देखाउन सक्छौं।

२ ख) हाम्रा हृदयहरूबाट परमेश्वरलाई प्रशंसाहरू गाउन सक्छौं।

७ सङ्गीत, प्रशंसा र दिने काम।

३ ग) प्रभुको महान्ता र भलाइ।

८ घ) मानिसहरू स्वतन्त्र हुन सक्ने खालको।

४ **क** बेठीक। सङ्गीतलाई पृष्ठभूमि बनाउनेभन्दा पनि अझ धेरै प्रकारले प्रयोग गर्न सकिन्छ। यसलाई आराधनामा प्रयोग गर्न सकिन्छ।
  **ख** बेठीक। भजनसंग्रह १५०-ले "साहो बज्ने" बाजागाजा भनी उल्लेख गरेको छ।
  **ग** ठीक

९ आत्मिक विश्राम र तृप्ति, स्वतन्त्रता, चङ्गाइ, एकता, परमेश्वरको उपस्थितिको अनुभव।

५ **क** ठीक — **ग** ठीक
  **ख** बेठीक — **घ** ठीक

## टिप्पणीहरू